नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.- ५३८, दायर मिति-: २०८१।०१।२८

फैसला मिति- २०८१।०१।२८

वादी

प्र.स.नि.बिकी कुमार साह समेतको प्रतिवेदनले

नेपाल सरकार.........................१

प्रतिवादी

जिल्ला धनुषा जनकपुर उ.म.न.पा.वडा नं.२० घरभै जिल्ला बारा जितपुरसिमरा उ.म.न.पा.वडा नं.७ डेरा गरी बस्ने ईसमाइल राईनको छोरा वर्ष २२ को ज्याउल राईन ........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीले घटनास्थल सडकमा हो हल्ला गरिरहेको अवस्थामा प्रहरीले फेला पारी सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन ।
२. प्रहरीलाई घटनास्थल सडकमा हो हल्ला गरिरहेको अवस्थामा प्रहरीले फेला पारी सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. घटनास्थल सडकमा हो हल्ला गरिरहेको अवस्थामा प्रहरीले फेला पारी सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. घटनास्थल सडकमा हो हल्ला गरिरहेको अवस्थामा प्रहरीले फेला पारी सोधपुछ गर्दा आवेशमा आई प्रहरीलाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका हरिशंकर प्रसाद चौरसिया समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
६. **वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**
७. **जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

यसमा मिति २०८१।१।११ गते जिल्ला पर्सा पटेर्वासुगौली गा.पा.वडा नं.४ स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा (१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा (२) बमोजिम प्रतिवादी ज्याउल राईनलाई कैद दिन १६ र जरिवाना रु.२०००/- गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी ज्याउल राईन लाई ठहरेको कैद दिन १६ को हकमा निज मिति २०८१।०१।१२ देखि २०८१।०१।२७ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.२०००/- असुल उपर गर्नु --- १

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिन१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ साल बैशाख महिना २८ गते रोज ६/ने.सं. ११४४ बछलाथ्व २,शुभम् .....